म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १५८ बुधबार ३ माघ २०८० ने. सं. ११४४ पोहेलाथ्व 17 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## योग दिवसको अवसरमा रक्तदान



हेटौंडा, २ माघ/नवौं योग दिवसको अवसरमा हेटौंडामा रक्तदान गरिएको छ । पतन्जली योग समिति मकवानपुरको आयोजनामा मंगलबार भएको कार्यक्रममा १३ जनाले रक्तदान गरेका थिए । रक्तदानमा ब्लड बैंक हेटौंडाले सहजीकरण गरेको थियो । यसैगरी 'गरौं योग, रहौं निरोग' भन्ने मूलनाराका साथ नवौं माघ १ गते राष्ट्रिय योग दिवस मनाइएको छ । हेटौंडा उपमहानगरपालिका र पतंजलि योग समिति मकवानपुरको आयोजनामा योग दिवसको अवसरमा योग ध्यान प्राणायाम गरिएको थियो । यस्तै सोही अवसरमा तरुल, घ्यू र चाकुका साथ माघे सक्रान्ति समेत मनाइएको थियो ।

### अनुदान दुरुपयोग प्रकरणः

# कम्पनी सञ्चालकको सम्पत्ति भेटिएन, बैंक खाता रित्तै

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/हेटौंडा औद्योगिक क्षेत्रभित्र पशुवधशाला सञ्चालन गर्ने भन्दै प्रदेश सरकार सँग लिइएको ६१ लाख रुपैयाँ बढी अनुदान दुरुपयोग गरेका कम्पनी सञ्चालक फरार छन् ।

सरकारले दुरुपयोग अनुदान रकमको असुली प्रक्रियामा लगेपनि दोषि देखिएका कम्पनी सञ्चालक सम्पर्कमा आउन नसकेका हुन् । बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले हेटौंडा औद्यागिक क्षेत्रभित्र वधशाला सञ्चालन गर्ने भन्दै बफेलो क्वालिटी फुड प्रालिलाई २०७६ सालमा ६१ लाख २९ हजार बढी रकम अनुदान दिएको थियो । अनुदान रकम पूर्णरुपमा दुरुपयोग भएको थियो । अनुदान रकम लिएपछि थोरै समयमा फलामका संरचना ठड्याएर बफेलो क्वालिटी फुड कम्पनी गायब भएको हो ।

कम्पनी सञ्चालक रहेका सैयद रियाजउद्दिनलाई सरकारी रकम असुलउपर गर्ने सरकारी निकाय कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय, काठमाडौंले खोजी गरिरहेको छ । तर, कम्पनी सञ्चालक सैयद रियाजउद्दिन गुमनाम छन् । मन्त्रालयसँगको सम्झौतामा कम्पनीको प्रतिनिधिका रुपमा सैयद रियाजउद्दिनले हस्ताक्षर गरेका छन् । साविकको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग



हेटौंडा औद्योगिक क्षेत्रमा वधशाला सञ्चालन गर्ने भन्दै १६ जेठ २०७६ मा सम्झौता भएको थियो ।

वधशालाको कुल परियोजना लागत १ करोड ४२ लाख ८४ हजार रहेकोमा सम्झौता अनुसार वधशाला सञ्चालनको लागत अनुमानअनुसारको रकमको ५० प्रतिशत बढीमा ७१ लाख ४२ हजार भुक्तानी हुने भनिएको थियो । तर, बफेलो क्वालिटी फुडले १ करोड ३१ लख १९ हजार ५ सय २४ रुपैयाँको सञ्चालन खर्च पेस गरेपछि ६१ लाख २९ हजार १ सय ६३ सय रुपैयाँ अनुदान पाएको हो । सम्झौतामा अनुदान रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकलाई सचेत गराउने र सुधार नदेखिएमा एकपक्षीय रुपमा सम्झौता भङ्ग गर्ने तथा हिनामिना भएबराबरको रकम दोस्रो पक्ष (बफेलो क्वालिटी फुड) बाट सरकारी बाँकी सरह असुलउपरको प्रक्रिया अगाडि बढाउन सक्ने उल्लेख छ ।

तर, मन्त्रालयले अनुदान दुरुपयोग भएको थाहा पाउँदा पनि राजनीतिक दबाबका कारण सम्झौता रद्द गरेर रकम असुलउपरको प्रक्रिया अगाडि बढाएको थिएन । प्रदेशभर विस्तारित कृषि अनुदानको अनुसन्धान गर्न तत्कालीन सरकार द्वारा गठित कृषि अनुदान वितरण छानबीन उपसमितिले छानबीन गरी बागमती प्रदेशसभाको सार्वजनिक लेखा समितिमार्फत् पत्राचार गरेपछि मात्रै मन्त्रालयले प्रक्रिया अगाडि बढाउन बाध्य भएको हो । तत्कालीन सार्वजनिक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडालाई पनि अनुसन्धान गर्न पत्राचार गरेको थियो ।

अनुदान रकम दुरुपयोग भएको देखिएपछि मन्त्रालयले लामो समयको अध्ययनपश्चात रकम असुलउपरका लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय काठमाडौंलाई पत्राचार गरेको थियो । मन्त्रालयको पत्राचारपछि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले कम्पनी सञ्चालक सैयद रियाजउद्दिनको नाममा सार्वजनिक सूचना निकालेको थियो । राष्ट्र बैंकबाट रियाजउद्दिनको बैंक खाता रोक्का गरिएको छ । तर, उनको बैंक खातामा रकम नै नभएको कार्यालयका प्रवक्ता रविचन्द्र अर्यालले जानकारी दिए । 'राष्ट्र बैंकबाट खाता रोक्का भइसकेको छ । बैंकमा पैसा नभएको खाता मात्रै भेटियो ।', उनले भने ।

सञ्चालक रियाजउद्दिनको एनआइसी एसिया, एसबिआई, वेष्ट फाइनान्स कम्पनी लिमिटेड, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड लगायतमा खाता फेला परेको थियो । तर, ती सबै खातामा रकम नरहेको अर्यालले बताए । अब रियाजउद्दिनको नागरिकताबाट रियाजउद्दिनले नयाँ खाता खोल्न नपाउने बनाइएको अर्यालले बताए । मालपोत कार्यालयबाट रियाजउद्दिनको जग्गा रोक्का प्रक्रिया अगाडि बढे पनि उनको नाममा कतै जग्गा नभेटिएको प्रवक्ता अर्यालले जानकारी दिए । 'सम्पत्ति लिलाम गर्न पनि खोजेको तर, कतैबाट पनि सम्पत्ति देखिएन ।', अर्यालले भने ।

कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयले रकम असुली प्रक्रिया अनुसार २३ चैत २०७९ मा कम्पनीको नाममा ३५ दिने सूचना जारी गरेको थियो । २० चैतमा मन्त्रालयले तहसिल कार्यालयलाई असुलउपर प्रक्रिया अगाडि बढाउन पत्राचार गरेको थियो । वधशाला सञ्चालन गर्ने भन्दै कम्पनी नै मन्त्रालयसँग अनुदान माग्न आएको थियो । त्यतिबेला कम्पनीले वधशाला सञ्चालन गरेर मासु निर्यातमा चमत्कारिक काम गर्ने मौखिक बनावटी योजना देखाएर अनुदान रकम कुम्ल्याएको हो ।

# हेटौंडा सिमेन्टको उत्पादन लगातार बन्द



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/वर्षौंदेखि निरन्तर घाटा व्यहोर्दै आएको हेटौंडा सिमेन्ट उद्योगको उत्पादन ३ महिनादेखि बन्द रहेको छ ।

आर्थिक संकटका कारण अझै सिमेन्ट उत्पादनमा कठिनाई भइरहेको उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले जानकारी दिए । उद्योग व्यवस्थापनले आर्थिक स्रोत जुटाउने प्रयास गरेको भएपनि तत्काल सम्भव नहुँदा कोइला खरिद गरी ल्याउन कठिनाई भएको र सोही कारणबाट उत्पादन बन्द भएको उनले बताए ।

उद्योगलाई हाल नियमित उत्पादन सुरु गर्न करिब ३ हजार मेट्रिकटन कोइला आवश्यक पर्ने र त्यति कोइलाले १ महिनासम्म सिमेन्ट उत्पादन गर्न सकिने उद्योगका नायवमहाप्रबन्धक नविनकुमार कर्णले जानकारी दिए । अहिले यो उद्योगको भण्डारणमा करिब ६०० मेट्रिकटन मात्रै कोइला रहेकाले उत्पादन सुरु नगरिएको जनाइएको छ ।

त्यस्तै उद्योगबाट उत्पादित २ लाख २५ हजार बोरा सिमेन्ट विक्री हुन नसक्दा उद्योगलाई थप आर्थिक संकट आइपरेको नायवमहाप्रबन्धक कर्णले बताए । सरकारले केही अनुदान उपलब्ध गराएमा यथाशीघ्र कोइला आपूर्ति गरी माघको अन्तिम साताबाट उत्पादन सुरु गरिने उद्योग व्यवस्थापनले जनाएको छ । विक्रम सम्वत २०३३ सालमा १ अर्ब ३८ करोड ९० लाख रुपैयाँमा लगानीमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ साल मंसिर २६ गतेदेखि व्यावसायिक उत्पादन सुरु गरेको थियो ।

कुनैसमय हेटौंडा सिमेन्टका उपभोक्ताले डिलरमा पैसा बुझाएर महिनौं कुरेर सिमेन्ट लिने गरेका थिए । हेटौंडा सिमेन्ट उद्योगको डिलरसिप लिनका लागि मन्त्रालयसम्म भनसुन गर्नु पर्दथ्यो । हाल उद्योगको उत्पादन र बजार समायानुकुल विस्तार नभएकै कारण उद्योग संकटमा पुगेको छ । जसले गर्दा हेटौंडा सिमेन्टको बजार खुम्चियो, निजी लगानीका सिमेन्ट उद्योगले बजार फैलाउँदै गए ।

हेटौंडा सिमेन्ट उद्योगको पुरानो भवन, पुरानै प्रविधि र पुरानै ग्राहकका बीचमा यसले आफ्नो अस्तित्व जोगाउन संघर्ष गर्दैछ । हेटौंडा सिमेन्टप्रति उपभोक्ताको विश्वास अझै गुमेको छैन । उद्योगको दैनिक उत्पादन क्षमता ७ सय ५० मेट्रिकटन थियो । वर्षमा २७ लाख बोरा उत्पादन गर्ने क्षमता भएपनि पछिल्ला वर्षमा मुस्किलले १८/२० लाख बोरा उत्पादन गरि रहेको छ ।

उद्योगले पूर्ण क्षमता उपयोग गर्न सकेको छैन । ऊर्जा संकटबाट बाहिर निस्कँदा केही सास फेर्न पाएको उद्योग यही अवस्थामा रहिरहन चाहँदैन । हेटौंडा सिमेन्ट उद्योगभन्दा पछि आएका उद्योगले बजारीकरण रणनीति प्रयोग गरेर ठूलो क्षमतामा बजार विस्तार गरिरहँदा हेटौंडा सिमेन्टको अवस्था थप जर्जर बन्दैछ । यो उद्योगले उत्पादन क्षमता विस्तार नगरे संकटमा फस्ने अवस्था पुगिसकेको छ ।

# लटारम्बेश्वर मन्दिरमा पुर्‍याइयो खानेपानी र बत्ति



साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/भीमफेदी गाउँपालिका-८ मा रहेको लटारम्बेश्वर मन्दिरमा बाटो, बत्ती र खानेपानी उपलब्ध गराइएको छ । खानेपानी, विद्युत अभाव भएपछि भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामाको विशेष पहलमा यो काम पुरा भएको हो ।

लटारम्बेश्वर मन्दिरमा मंगलबारदेखि खानेपानी र बत्तिको सुविधा पुगेको हो । गाउँपालिका अध्यक्ष लामा लटारम्बेश्वर मन्दिर पुगेर खानेपानी र बत्तिको उद्घाटन गरेका हुन् । अध्यक्ष लामाले लटारम्बेश्वर मन्दिरलाई गाउँपालिकाको विशेष पर्यटनको हब बनाउन आफू सधैं लागिरहने जानकारी गराए । खानेपानीको सुविधा नहुँदा मन्दिर पुग्ने तीर्थालु भक्तजनलाई समस्या हुने गरेकोमा अब भने समस्याको समाधान भएको छ ।

मकवानपुरको भीमफेदी गाउँपालिकास्थित चर्चित लटारम्बेश्वर महादेव मन्दिरमा प्रत्येक वर्ष माघे संक्रान्तिमा लाग्ने मेला यसवर्ष पनि धुमधामका साथ मेला लागेको छ । महादेवटारको माथि डब्लु डाँडामा रहेको लटारम्बेश्वर मन्दिमा नयाँवर्ष अर्थात बैशाख १ गते र माघ १ गते मेला लाग्ने गर्छ । मेला भर्न मकवानपुर, बारा, पर्सा, काठमाडौं, ललितपुर र भक्तपुरलगायत अन्य ठाउँबाट पनि दर्शनार्थी आउने गरेको भीमफेदी-८ का वडाअध्यक्ष विष्णुबहादुर लामाले बताए ।

लटारम्बेश्वर मन्दिर आउन काठमाडौंबाट टीकाभैरव-छपेलि-बगुवा-महादेवटार हुँदै जान सकिन्छ भने मकवानपुको हेटौंडाबाट कान्तिराजपथको बाटो ठिंगन हुँदै पनि महादेवटारबाट जान सकिन्छ । मेलालगायत दर्शन गर्न आउने श्रद्धालु भक्तजनलाई स्थानीय युवा टोलीले व्यवस्थापन गरेका थिए । लटारम्बेश्वर मन्दिरमा बत्ती पुर्‍याउन स्थानीय युवा उद्धवराज कठायतले एकवर्षदेखिको अथक प्रयासमा सफल भएकोले सहयोगी सबैलाई धन्यवाद दिए । एकदिने पदयात्राका लागि उपयुक्त मानिने हुँदा लटारम्भेश्वर महादेव मन्दिरको दर्शन गर्नेको संख्या दिनानुदिन बढ्दो क्रममा रहेको छ ।

# ८ 'ए' साइड फुटबलको सेमिफाइनलमा हुप्रा सिटी र कर्णावती

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/हेटौंडा उपमहानगरपालिका-८ कमानेमा जारी ८ 'ए' साइड फुटबल प्रतियोगितामा मंगलबार भएको खेलबाट हुप्रा सिटी र कर्णावती सेमिफाइनल प्रवेश गरेको छ ।

हेटौंडा-८ कमानेस्थित चन्द्रोदय माविको खेलमैदानमा माघ २ गते भएको क्वाटरफाइनल खेलमा जीत निकाल्दै हुप्रा र कर्णावती सेमिफाइनल प्रवेश गरेको हो । मंगलबार भएको पहिलो खेलमा हुप्रा सिटीले देवनगर एफसीलाई र आयोजक कर्णावतीले कालिकामाईलाई पराजित गरेका हुन् । हुप्रा सिटीले देवनगर लाई १-० गोल अन्तरले हराउदै सेमिफाइनल यात्रा तय गरेको हो भने कर्णावतीले कालिकामाईलाई १-० गोल अन्तरले पाखा लगाउदै सेमिफाइनलमा स्थान पक्का गरेको हो ।


यसैगरी माघ ३ गते बुधबार पनि क्वाटरफाइनल अन्तरगत २ खेल हुने भएको छ । प्रतियोगिता अन्तरगत बुधबारको पहिलो क्वाटरफाइनल दिउँसो १ बजे समाज कल्याण र रामनगर युवा क्लबबीच हुनेछ भने दोस्रो खेल दिउँसो ३ बजे फायरलाइन एफसी र मर्निङ स्टारबीच हुने आयोजकले जानकारी दिएको छ ।

कर्णावती युवा क्लबको आयोजना भएको ८ 'ए' साइड नकआउट फुटबल प्रतियोगितामा १५ वटा टोलीको सहभागिता रहेको छ । प्रतियोगिता उपाधि विजेता टिमले नगद ३० हजार रुपैयाँ सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन भने उपविजेता हुने टिमले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरूः

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७९४१५, ९८१७८४६१४, ९८४५६२३५६९

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# चित्लाङ-चन्द्रागिरी ‘धराप’ सडक

काठमाडौंबाट चित्लाङ जाँदै गरेको प्र ३-०१-२३ च ६९८५ को कार सडकबाट करिब ५ सय मिटर तल खसेरहोनाहार चिकित्सकको परिबारै अस्तायो । यो घटना जति दर्दनाक छ, त्यति नै सामाजिक संजालमा सडकप्रति तीव्र गुनासो ब्यक्त भएका छन् । काठमाडौं-चन्द्रागिरी-चित्लाङ जोड्ने २२ किलोमिटर मोटरबाटो डर लाग्दो र धराप छ । यो सडक खण्डको अप्ठेरो भाग थानकोटदेखि चन्द्रागिरी डाँडासम्म छ । सडकका कारण सवारीसाधन टुटफुट हुनु सामान्य बनेको छ । सडक पहिले भन्दा केही फराकिलो भयो तर, कच्ची अवस्थाका कारण हिउँदमा धुलैधुलो र वर्षामा हिलाम्य हुनाले गाडी चलाउन कठिन छ । बर्षेनी धेरैको ज्यान लिइसकेको यो सडक हेर्ने सडक डिभिजन कार्यालय काठमाडौंले पर्याप्त बजेट नपठाएकाले मर्मत सम्भार गर्न नसकेको बताएको छ । यो बाटो मर्मत मात्रै गरेर हुँदैन । थानकोट-चन्द्रागिरी-चित्लाङ सडक खण्डको २२ किलोमिटरमध्ये चार किलोमिटर अत्यन्तै जोखिमपूर्ण उकालो रहेकाले त्यसलाई सुधार गरेर कालोपत्रे नगरेसम्म सधैं दुःख हुने हो । चार किलोमिटर सडक मात्रै सुधार्न सकेको खण्डमा धेरै हदसम्म सडक सुरक्षित र सर्वसाधारणको यात्रा सहज हुन्छ । दुर्घटनाको जोखिम पनि कम हुनेथियो । तर, त्यति कामका लागि पनि हामीसँग बजेट छैन भनेर डिभिजन सडक पन्छिने गरेको छ ।

चालू आर्थिक वर्षमा डिभिजन सडक कार्यालयले २२ करोड रुपैयाँ माग गरेका थियो तर, सरकारले २ करोड रुपैयाँमात्र उपलब्ध गराएको छ । मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिका र काठमाडौं जोड्ने चित्लाङ-थानकोट सडकलाई गणेशमान सिंह मार्ग नामाकरण गरिएको छ । वर्षौंदेखि अलपत्र सडकको स्तरीकरण भन्दा पनि नामाकरण गर्न हतार गर्ने राजनीतिक दलले नै सडकमा राजनीति गरिरहेको सर्वसाधारणको बुझाई छ । २०७३ सालमा सडक निर्माण सुरु गरेको ठेकेदार कम्पनीले निर्माणकार्यलाई भन्दा पनि सडक चौडा बनाउँदा निस्केको ढुंगा बेच्नेतर्फ ध्यान दिँदा चित्लाङ-थानकोट सडक त्यतिबेलादेखि अलपत्र परेको थियो । सरकारले २०६२ सालदेखि यो सडक निर्माण सुरु गरेको थियो । कुलेखानी-मार्खु-चित्लाङ-थानकोट मार्ग करिब १५ महिनाभित्र सकाउने पर्ने समयावधि भए पनि काठमाडौंतर्फको सडक निर्माण गर्ने ठेक्का पाएको कम्पनीले ५ वर्षसम्म पनि निर्माण कार्य पूरा नगरी सडकखण्डको ढुंगा निकालेर बिक्री गरिरह्यो । थाहानगरका तत्कालीन नगरप्रमुख लबशेर विष्टले निर्माण कम्पनीले ढुंगा बेच्न नपाएपछि काम नगरेको बताएका छन् । सडक निर्माणका क्रममा उत्खनन् गरिएका वनक्षेत्रको ढुंगा जिल्ला वन कार्यालय काठमाडौंले लिलामी गरेको थियो । ढुंगा लिलामीको ठेक्का पनि सडक निर्माणको ठेक्का पाएको कम्पनीले नै लिएपछि कम्पनीले ढुंगा निकासी गरेको थियो । कम्पनीले सडक बनाउन छोडेर ढुंगा निकासी गर्न थालेपछि नगरपालिका र स्थानीयबासीले अवरोध गरेका थिए । यो सडक खण्डमा ६ किलोमिटर लम्बाई ढुंगाको पहाड छ । ठेकेदारले सडक बनाउनेभन्दा पनि त्यो पहाडबाट ढुंगा निकालेर बेच्न मात्रै काम गरेको थियो । बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले सडक निर्माणमा चासो देखाउँदै चित्लाङमा सर्वपक्षीय भेला पनि राखेको हो । भेलामा सहभागी स्थानीयले ठेकेदार कम्पनीको लापरबाहीको कारण सडक निर्माण अलपत्र परेको बताएका थिए ।

चित्लाङ-थानकोट सडक (गणेशमान सिंह मार्ग) आयोजनाले थानकोट-चित्लाङ मार्गको काठमाडौंतर्फ पानीघाटदेखि देउरालीसम्मको २.५ किलोमिटरको चट्टानी पहाडमा समस्या भएको जनाएको छ । आर्थिक वर्ष २०७०/७१ देखि हालसम्म यो सडकमा अरबौं रुपैयाँ खर्च भइसकेको आयोजनाले जानकारी दिएको छ । नेपालको प्राचीन सडक अर्थात् पुरातात्विक, ऐतिहासिक, धार्मिक महत्वका सम्पदाले भरिपूर्ण चित्लाङ जोड्न भीमफेदी-कुलेखानी-चित्लाङ-थानकोट मार्गको स्तरोन्नतिको लागि प्रदेश सरकारले चासो देखाएको हो । थानकोट-चित्लाङ सडकलाई समग्र मकवानपुर र विशेष उत्तरी क्षेत्र थाहानगर, इन्द्रसरोबर गाउँपालिकाले ‘समृद्धि ढोका’को रुपमा लिने गरेको छ । थानकोट-चित्लाङ सडकमा अनावश्यक राजनीति भएकोले गर्दा बाटो निर्माणमा बजेट ल्याउन नसकेको जनप्रतिनिधि बताउँछन् । देशकै प्रमुख पर्यटकीय गन्तव्य थाहानगर र ईन्द्रसरोवरको पर्यटनको विकासका लागि यो सडक छिटो निर्माण गर्न जरुरी छ । त्रिभुवन राजपथ सञ्चालन हुनुपूर्व काठमाडौं उपत्यकाको प्रवेशद्वार चित्लाङ थियो । भीमफेदीको चिसापानीगढीमा राहदानी लिएर मात्र चन्द्रागिरी भएर काठमाडौं उपत्यका प्रवेश गर्न पाइन्थ्यो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० माघ ४ गते बिहीबार १८ जनवरी २०२४ । अष्ठमी, पौष शुक्लपक्ष । पोहेलाथ्व ११४४ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:३१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोकांक्षा सिद्धि हुनेछ | **तुला** | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| **वृष** | : गरेको कार्यमा सफलता मिल्नेछ | **वृश्चिक** | : योजना कार्यान्वयन हुनेछ |
| **मिथुन** | : नयाँ कार्ययोजना बन्नेछ | **धनु** | : व्यापार राम्रो चल्नेछ |
| **कर्कट** | : आकस्मिक लाभ हुनेछ | **मकर** | : मीठो खाने अवसर मिल्नेछ |
| **सिंह** | : राम्रो अवसर गुम्नेछ | **कुम्भ** | : घर परिवारमा मेलमिलाप हुनेछ |
| **कन्या** | : खर्च र दुःख बढ्नेछ | **मीन** | : मनमा शङ्का बढ्नेछ |

# संक्रमणकालीन न्यायमा शीर्ष नेताले खेलेको लुँडो



✍ खिमलाल देवकोटा

टीआरसी दक्षिण एशियाका लागि नै अभिशाप बन्ने खतरा देखिँदैछ । श्रीलंका, अफगानिस्तान, बंगलादेश, पाकिस्तान पुरानै माइवाप हुन् । छिमेकी मुलुक भारतमा पनि जम्मु-कश्मिरको ज्यादतीका विषयमा हालै भार तीय सर्वोच्च अदालतको फैसलाका कारण टीआर सीको नयाँ अध्याय आरम्भ भएको छ । दक्षिण एशियाली मामला बनेको भए पनि अन्य मुलुकको हैन नेपालकै टीआरसीका बारेमा चर्चा गर्ने कोसिस गरिएको छ ।

टीआरसी विधेयक यतिवेला फेरि चर्चाको शिखरमा छ । टीआरसी विधेयकमा सहमति, टीआरसी विधेयकमा शीर्ष नेताहरू सहमति नजिक, टीआरसी विधेयकमा उपसमितिले सहमति जुटायो जस्ता समाचारका हेडलाइन केही वर्षदेखि नै छाइरहेका छन् । शान्ति प्रक्रियाको बाँकी कामका रूपमा रहेको यो विधेयकमा आजका मितिसम्म औपचारिक ढंगले वैधानिक समितिमा सहमति भइसकेको छैन ।

औपचारिक अनौपचारिक रूपमा राजनैतिक सहमति भएको धेरै समय बितिसक्दा पनि बेलैमा त्यसलाई वैधानिकता दिएर समिति र संसद्बाट पारित गर्न नसक्दा त्यो सहमति उल्टिने खतरा बन्दैछ ।

नेपालमा पहिलो पटक सहमतीय मोडेलको राजनीति भित्रिएको थियो । जनविद्रोहका जगमा थालिएको ऐतिहासिक संयुक्त जनआन्दोलनको सफलता पछि दलहरू सहमतिको विकल्प छैन भन्नेमा एकमत थिए । यसै रापतापमा बनेको अन्तरिम संविधान २०६३ ले सरकार बनाउने पहिलो विकल्प सहमति, पूर्ण सहमति हुन नसके दुई तिहाइ बहुमत भनिएको थियो । यस प्रक्रियाले बनेको सरकारको बहिर्गमन पनि सोही प्रक्रियाबाट अर्थात् दुई तिहाइ बहुमतबाट मात्र सम्भव छ भन्ने संवैधानिक बन्दोबस्त गरिएको थियो ।

संविधानसभाबाट संविधान बनाउन दुई तिहाइ जरूरी पर्ने भएकाले सरकार पनि सोभन्दा कम मतमा बन्न दिनुहुँदैन । यसो गरियो भने सरकार बनिरहने, बदलिरहने तर संविधान नबन्ने खतरा आइपर्नेछ भनिएको थियो । तर दुर्भाग्यवश जे नहोस् भनिएको थियो सोही भइदियो ।

संविधानसभाको निर्वाचनमा माओवादीले प्राप्त गरेको सर्वाधिक मत सहमतीय मोडेल भत्काउने कारण बन्न पुग्यो । सहमतीय मोडेल भनेकै माओवादीको सहमति बन्न पुग्यो । सरकार पनि माओवादीको, संविधान पनि माओवादीको बन्ने भएपछि गैर माओवादीहरूलाई जर्ती उठ्यो । यसका कारण अब संविधान नबने नबनोस् संविधानमा रहेको बहुमतीय मोडेल नभत्काइहुँदैन भन्ने रेसमा गैर माओवादी वृत्त सबै लाग्यो । जसको परिणाम पहिलो संविधानसभाबाट संविधान बनेन ।

त्यसैगरी शान्ति प्रक्रियाको बाँकी कामका रूपमा रहेको टीआरसी मामला पनि हल भएन । राजनीतिक वृत्तमा रहेको यो मनोविज्ञान समाजका सबै क्षेत्रमा पऱ्यो । अन्ततः संक्रमणकालीन न्यायको यो मामला आजका दिनसम्म पनि थाती रहेको छ ।

**सहमतीय कि बहुमतीय ?**

संक्रमणकालीन न्यायको विषय शान्ति प्रक्रियाको बाँकी काम भएकाले नेपाली राजनीतिमा यसलाई सत्ता र प्रतिपक्षको मामला नबनाउने राजनीतिक दलहरूको भद्र सहमति करिब दुई दशक पुरानो हो । शान्ति र संविधान राष्ट्रिय सहमतिका मामला हुन् । जो-कोही सत्ता पक्षमा वा प्रतिपक्षमा जहाँ रहे पनि यो मामलामा बहुमतीय राजनीति गरिने छैन भन्ने दलहरूको वाचा पनि हो । यो वाचाका बावजुद पनि यो मामला सहमतीय र बहुमतीयको खेलमा पिल्सिरहेको छ । आजका मितिसम्म पनि राष्ट्रिय राजनीतिमा स्थान जमाएका कुनै पनि राजनीतिक दलले यो मामलामा असहमति जनाएका छैनन् ।

यो मामलालाई सत्ता पक्ष र प्रतिपक्षको खेलका रूपमा पनि लिएका छैनन् । औपचारिक अनौपचारिक वार्ता संवादहरूमा यो मामला सहमतीय मामला भएकाले यसमा विवाद हुँदैन पनि भनिरहेका छन् । तर सहमति भइराखेको छैन । जिम्मेवार दलहरूले नै सहमतिको विकल्प छैन भनिरहँदा पनि उनीहरूलाई सहमति गर्न नदिने को हो ? सहमति गर्न नदिने देशी वा विदेशी तत्व कोही छ भने खोज्न पऱ्यो, देख्न पऱ्यो र त्यो तत्वलाई ठेगान पनि लगाउनु पऱ्यो । हैन देशी वा विदेशी कसैले पनि रोकेको छैन भने दलहरू आफैं इमानदार छैनन् भन्ने निष्कर्ष निकल्नु पऱ्यो, इमानदार नहुने दललाई जनताले ठेगान लगाउनका लागि अर्को चुनाव कुर्नुपऱ्यो । यो बाहेक अर्को विकल्प छैन ।

**सहमतिको लुँडो खेलाइ**

शान्ति प्रक्रियाको बाँकी मामलामा सहमति कर्णप्रिय शब्दावली हो तर व्यवहारमा कहिल्यै रूपान्तरण नहुने मामला बनेको छ भन्न सकिने अवस्थामा कति कति बेला यो मामला पुग्ने गरेको छ । लामो समय दलहरू सहमतिको विकल्प छैन भनिराखे तर अन्तर्राष्ट्रिय समुदायका नाममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू विभाजित भइराखे । विभाजित अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले आफ्नो प्रभाव पीडितदेखि पीडक सबैसम्म विस्तार गर्न भ्याए ।

यसरी निर्णायक मानिएका राजनीतिक दलहरू एकठाउँमा उभिंदा पनि पीडितका विभिन्न संगठन र तिनका नाममा धन्दा चलाउने व्यक्ति वा संस्थाहरू विभाजित नै भइरहे । तर समयको चक्र कहिलेकाहीं उल्टो दिशाबाट सुल्टो दिशामा पनि घुम्छ भने झैं अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, तिनका दाता र तिनैको दानमा सञ्चालित संस्थाहरू अब त अति भो भन्ने ठाउँमा पुगेर उनीहरू सहमतिको मार्गमा डोरिन पुग्दा राजनीतिक दलहरू आफ्नो अधीरता प्रदर्शन गर्न खोज्दै सहमति नभए बहुमतीय भन्न थालेका छन् । यो मामला भनेको सहमतिको लुँडो खेलाइसँग तुलना गर्न लायक छ । दलहरू सहमतिमा रहँदा अरू विमतिमा रहने अरू सहमतिमा आइसक्दा दलहरू विमतिमा पुग्ने दुर्भाग्यपूर्ण अवस्था व्यहोर्नुपर्ने खतरा पनि आइपर्न सक्दछ ।

**सहमतिका फाइदा**

शान्ति प्रक्रियाका बाँकी कामका रूपमा रहेको यो मामला सहमतिबाट हल गर्न सक्दा नेपालको शान्ति प्रक्रिया विश्वका निम्ति मोडेलका रूपमा विकास हुन सक्दछ । यसले नेपालको शिर मात्रै हैन नेपाली राजनीतिको शिर पनि उँचो हुनेछ । सहमतिमा विधेयक मात्रै पास हुने छैन त्यसपछि गठन हुने आयोग, त्यसले सम्पन्न गर्ने अन्य काम कारबाहीले पनि गति लिनेछ । संक्रमणकालीन न्यायको मामला राजनीतिक भएका कारणले समग्र राजनीतिमा नै सहमतिको अर्को अध्याय आरम्भ हुनेछ । टीआरसी विधेयक सहमतिमा पारित गर्दा समग्र देशै सहमतिको लयमा फर्कने संभावना हुनेछ जो निकै फलदायी पनि हुनेछ ।

**विमतिका बेफाइदा**

टीआरसी विधेयक विमतिका बावजुद पनि पारित हुन सक्दछ । यसमा विवाद गर्ने ठाउँ नै छैन । किनभने यो विधेयक सहमति वा दुई तिहाइ बहुमत चाहिने विधेयक नै हैन । संसद्को सामान्य बहुमतबाट सहजै पारित हुनसक्ने विधेयक हो । सरकार जहिले पनि संसद्मा बहुमतमै हुन्छ । संसद्मा बहुमत भएको सरकारले चाहेका बेला यो मात्रै हैन कुनै पनि विधेयक पारित हुन सक्दछन् । तर त्यसको कार्यान्वयन चुनौतीपूर्ण हुनेछ । कार्यान्वयन सहज रूपमा हुन नसक्ने हो भने संशोधन विधेयक पारित भएकै आधारमा सबै युद्ध जितिँदैन ।

अहिले पनि संक्रमणकालीन न्याय सम्बन्धी कानुन नभएको हैन । त्यो कानुन छँदैछ केवल सर्वोच्च अदालतको फैसला बमोजिम संशोधन गर्ने काम मात्र नभएको हो । बरु यो कुरा सत्य हो यतिबेला आयोगहरू छैनन् । नयाँ आयोग गठन गर्न नसक्नेले भइरहेका आयोग खारेज गर्न हुँदैनथ्यो । अहिले आयोगहरूको रिक्तताले सरकारलाई यो विधेयक टुंग्याउन थप दबाव परिरहेको छ । बेलैमा सुझबुझ पुग्न नसक्दाको परिणाम हो, यो भोग्नुको विकल्प छैन ।

विमतिबाट विधेयक पारित भएमा राजनीति र नागरिक समाज विभाजित हुने पक्का छ त्यसको असर राज्यका अरू निकायहरूमा पनि पर्ने खतरा हुन्छ । त्यो विभाजनको खतराले निम्त्याउने अप्रिय परिणाम भोग्न र सोबाट मुलुकलाई बचाउन भिन्नै रणनीति विना त्यो कदम चाल्न उपयुक्त हुँदैन ।

**चलखेलको खतरा**

नेपाली राजनीति धेरै हदसम्म परिपक्व बन्दै गएको छ । सामान्य चलखेलमा देशी-विदेशी तत्वहरू आफ्नो स्वार्थ पूरा गर्न नसक्ने अवस्थामा पुगेको आभास हुँदैछ । त्यसका लागि नेपाली राजनीतिको गणित पनि एक जिम्मेवार पक्ष हो । त्यो गणितले चलखेल गर्नेहरूका लागि धेरै अवसर दिँदैन । यस्तो चलखेलको अवसर झिनो बन्दै गएको यस घडीमा नयाँ अवसरको खोजी हुनु स्वाभाविकै हो ।

राम्ररी चलखेल गर्न सकिने, नेपाली समाजलाई विभाजन गर्न सकिने र आफ्नो स्वार्थ पूरा गर्न उपयुक्त मौकाको ताकमा जो-कोही पनि रहने कुरा कुनै अनौठो विषय हैन । ती पात्र, प्रवृत्ति त्यही अवसरको खोजीमा छन् । यस्तो अवस्थामा जानीबुझी चलखेल गर्ने अवसर प्रदान गर्ने कुरा आत्मघाती पनि हुनबेर लाग्दैन । यसतर्फ जिम्मेवार पक्षले गम्भीरता प्रदर्शन गर्न जरूरी छ ।

**कार्यान्वयनको जोखिम**

संविधानसभाको पहिलो बैठक आयोजना हुनुअघि संविधान संशोधन गर्ने रडाको नेपाली राजनीतिमा भित्रियो । कुरा थियो, माओवादीको सर्वाधिक मतलाई कसरी न्यूनीकरण गर्ने, सर्वाधिक मत प्राप्त गरेर सत्तारोहण गरेको माओवादीलाई कसरी सडकमा पुऱ्याउने भन्ने एकसूत्रीय एजेन्डा थियो । सहमतीय मोडेल भत्काएर बहुमतीय मोडेलमा जाने कुरा आउनासाथ त्यति नै बेला भनिएको थियो- अब संविधान बन्दैन । जे भनिएको थियो त्यही भयो । पहिलो संविधानसभाले संविधान बनाउन सकेन, बनाउन दिइएन । कतै बहुमतीय खेलबाट टीआरसी विधेयक पारित गरियो भने पनि कार्यान्वयन नहुने हो कि, त्यो खतरा उपस्थित छ ।

**अन्त्यमा**

सहमतीय मोडेलबाट पारित गर्ने उद्देश्यका साथ विधेयकमा कैयन् व्यवस्थाहरूमा सहमति भएका छन् । बहुमतीय मोडेलमा जाँदा ती सहमति गरिसकेका विषय उल्टाउन त उपयुक्त नहोला तर कार्यान्वयनमा आउने चुनौती विमतिबाट पारित गर्दाका बखत हुने व्याख्या र बुझाइ अन्ततः संक्रमणकालीन न्यायको निकासका लागि बाधक बन्ने खतरा छ ।

यसका बावजुद पनि सहमतिको अवसर हरेक पाइला-पाइलामा हुन्छ । विधेयक पारित गर्ने कुरामा सहमति नजुटे पनि आयोग गठनमा जुट्ला वा सोको कार्यान्वयनमा जुट्ला भन्ने पवित्र मनले कामना गर्नु बाहेक अरू के नै विकल्प बाँकी रह्यो र ! *(साभारः अनलाइनखबर)*

# भागबन्डा मुक्त बन्ला त विश्वविद्यालय ?

✍ झपिन्द्रकुमार खत्री

त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा पुरानो र ठुलो विश्वविद्यालय हुनुका साथै उच्च शिक्षाका लागि नेपालको पहिलो राष्ट्रिय शैक्षिक संस्था पनि हो । छ दशक लामो इतिहास भएको यो विश्वविद्यालय गणतन्त्र नेपालको स्थापनापछाडि राजनीतिक भागबन्डामा फसिरहेको छ ।

यो मात्रै होइन अरू ११ वटा विश्वविद्यालय र ४ वटा प्रतिष्ठानहरू पनि राजनीतिक भागबन्डाको सिकार बनिरहेकै छन् । भर्खरै त्रिभुवन विश्वविद्यालयले योग्यता, क्षमता र कार्यपत्रसहितको योजनामा आधारित भएर खुला र स्वच्छ प्रतिस्पर्धाका आधारमा उपकुलपति छनोट गरी अगाडि बढ्ने रणनीति बनाएको छ ।

के साँच्चै कुनै दल विशेषको प्रभावमा नपरी यो प्रक्रिया अगाडि बढ्ला त ? प्राज्ञिक मर्यादा कायम गर्ने सक्षम नेतृत्व त्रिभुवन विश्वविद्यालयले पाउला त ? कर्मचारी, शिक्षक भर्नालगायत शैक्षिक गुणस्तरका कार्यक्रममा सुधार होला ? वि.सं २०१६ मा त्रिभुवन विश्वविद्यालय स्थापना भएयता धेरै चुनैती र अवसरको सामना गर्दै अगाडि बढेको छ । विश्वविद्यालयले अनगन्ती अनुभव हासिल गरिसकेको छ भने देशको नेतृत्व तहमा रहेको प्रमुख कमजोरी भनेको यसले कहिल्यै अनुभवबाट पाठ सिक्न सकेन वा चाहेन, सधैं आफूलाई शासक वर्गमै राख्ने प्रयत्न गरिरह्यो । जुन हाम्रो मुलुकका लागि दुर्दसा बनिरह्यो । विश्वविद्यालय त्यो संस्था हो, जसमा सबै प्रकारका विद्याको उच्च कोटिका शिक्षा दिइन्छ, परीक्षा लिइन्छ तथा मानिसलाई विद्यासम्बन्धी उपाधि आदि प्रदान गरिन्छ ।

युनिभर्सिटीमा प्रवेश गर्नु भनेको ज्ञानका लागि आफ्ना इच्छा पूरा गर्ने अवसरको संसार मा प्रवेश गर्ने दिशामा कदम बढाउनु हो । उच्च शिक्षाले हामीलाई प्रदान गर्न सक्ने अवसर र विकल्प विश्वविद्यालयमा उपस्थित हुन चाहने सबैका लागि मूलभूत सपना र भविष्य निर्माण गर्ने उद्देश्यसहित निरन्तर अध्ययन, अनुसन्धान, खोजी र चिन्तन गर्ने थलो हो । देशमा जागिर खाने जनशक्ति उत्पादन मात्र गर्ने होइन, त्यसको अतिरिक्त ज्ञानको खोजी गर्ने दक्ष प्राज्ञ तथा वैज्ञानिक उत्पादन गर्ने पनि हो ।

आज त्रिभुवन विश्वविद्यालय र अरू विश्वविद्यालय यो चरणमा छन् त ? राजनीतिक भागबन्डा मुक्त विश्वविद्यालय होला त ? प्राध्यापक, कर्मचारी र विद्यार्थी सङ्गठनको सोच यो उचाइमा तत्कालै बदलिएला त ? यी विविध प्रश्नका बिचमा आज विश्वविद्यालय उभिएको छ ।

**अस्तव्यस्त उच्च शिक्षा**

नेपालको उच्चा शिक्षा अस्तव्यस्त र दयनीय अवस्थामा छ । हारवर्ड विश्वविद्यालय स्थापना हुँदा जम्मा चर जना विद्यार्थीबाट सुरुवात भएको थियो । हाल करिब २४ हजार विद्यार्थी अध्ययनरत छन् । अक्सफोर्ड विश्वविद्यालयमा जम्मा २६ हजार विद्यार्थी अध्ययन गर्छन् । तर त्रिभुवन विश्वविद्यालयमा करिब ७० प्रतिशत अर्थात् ४ लाखभन्दा बढी विद्यार्थी अध्ययन गर्छन् ।

कुरा संख्याको होइन गुणस्तरको हो । गुणस्तरीय शिक्षा प्रदान गरियो भने दक्ष र प्राज्ञिक तथा वैज्ञानिक उत्पादन गर्न सकिन्छ, जसले देश विकासमा टेवा पुग्छ । २०४७ सालको राजनीतिक व्यवस्था परिवर्तनसँगै राजनीतिक आवरणका नियुक्तिपछाडि थिङ्क ट्याङ्कका रूपमा स्थापना भएका अनुसन्धान केन्द्रहरू आर्थिक विकास तथा अनुसन्धान केन्द्र सेडा, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र रिकास्ट, एसियाली अध्ययन केन्द्र सिनास र शिक्षा विकास तथा अनुसन्धान केन्द्र सेरिड र अरू अनुसन्धानका कार्यक्रम मृत आवस्थाबाट गुज्रिरहेका छन् ।

शिक्षाको विकास, अन्वेषण तथा अनुसन्धानका निम्ति स्थापना भएका केन्द्रहरू नै पूर्ण रूपमा सक्रिय छैनन् भने उच्च शिक्षामा देशले कसरी फड्को मार्न सक्ला भन्ने चिन्ता अवश्य पनि छ । केन्द्रीय विभागहरू राजनीतिक खिचातानी र दैनिक कामकारवाहीमा मात्र व्यस्त समय बिताउनु त्रिविको दुर्भाग्य हो ।

**विश्वविद्यालय र विकृति**

मुलुकको भविष्य बोकेको विश्व विद्यालय विकृतिको थुप्रो बन्नु हाम्रा निम्ति दुर्भाग्य हो भने प्राज्ञिक, गुणस्तरीयता ह्रास आउनु र दलीय भागबन्डाको सिकार हुनु र अनुसन्धानमूलक शिक्षालाई बेवास्ता गर्नु मुलुकलाई अधोगतितिर धकेल्नु हो । त्रिविभित्र गोल्डमेडलिस्ट बनाउन आर्थिक चलखेलमा फस्नु, परीक्षा प्रणाली कमजोर हुनु, विश्व बजारसँग प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय शिक्षा दिन नसक्नु, राजनीतिक खिचातानीले तालाबन्दी, निषेध, दलीय प्रभावमा मात्र काम गर्नु, भ्रष्टाचारमा पदाधिकारी फस्नु, हाजिरी मेसिन बोकेर हिँड्नु, स्थायी बन्न प्रतिस्पर्धा होइन आन्दोलनलाई माध्यम बनाउनु, त्रिविको प्राध्यापक हुँ भन्न पनि आत्मग्लानि हुने स्थितिको निर्माण गर्नु विकृति हो । विश्वविद्यालय हाताभित्र न्यूनतम रूपमा हुनुपर्ने सभा, सम्मेलन हल, आधुनिक कक्षाकोठा, खोज तथा अनुसन्धान ल्याब, पुस्तकालय, व्यवस्थित क्यान्टिन, शौचालय र अथितिगृह नभेट्नु यसको कमजोरी हो ।

**योग्यता र क्षमताको स्थान**

विश्वका हारवर्ड युनिभर्सिटी, अक्सफोर्ड युनिभर्सिटी, क्याम्ब्रिज युनिभर्सिटी होस् या संसारका अन्य मुलुकका विश्वविद्यालयमा योग्यता, क्षमता, कार्यकुशलता र स्वच्छ प्रतिस्पर्धात्मक आधारमा उपकुलपति नियुक्ति हुने गरेको छ । तर नेपालमा भने अमुक राजनीतिक दलको कार्यकर्ता भर्ती गरी भागबन्डामा उपकुलपति नियुक्ति गर्ने परम्परा छ । यसले आज नेपालका सबै विश्वविद्यालयको गुणस्तर, भौतिक संरचना र दक्ष जनशक्तिका हिसाबले जीर्ण अवस्थामा छन् ।

भारतमा जेएनयू युनिभर्सिटीमा आफ्नै नियमअनुसार योग्यता र क्षमताका आधारमा उपकुलपति नियुक्त हुन्छन् । नेपालमा सरकारको नेतृत्व गर्ने दलबाट प्रभावित भई उपकुलपति नियुक्ति हुने गलत परम्परा छ । अहिले ध्वस्त हुँदै गएका विश्वविद्यालयमा स्वच्छ प्रतिस्पर्धाबाट नियुक्ति गरिने विषयले स्थान पाउँदै जाने आशा पलाएको छ । तर के साँच्चिकै कार्यान्वयन होला त ? त्रिविले विज्ञापन आह्वान गरेको भए पनि छनोट प्रक्रिया निष्पक्ष होला त ? के र ाजनीतिक दल र सरकार इमानदार होलान् त ? यिनै प्रश्नका बिचमा विश्वविद्यालयले नयाँ नेतृत्व पर्खिरहेको छ ।

**बदलिनुपर्छ अब राजनीतिक सङ्गठन**

त्रिभुवन विश्वविद्यालयमा क्रियाशील प्राध्यापक सै सङ्गठन, कर्मचारी सै सङ्गठन तथा विद्यार्थी युनियनले आफूलाई कसरी परिभाषित गर्ने, आफ्ना विगतका कार्यबाट कति पाठ सिक्ने र आफ्ना क्रियाकलापको जिम्मेवारी कति लिने ? विश्वविद्यालयलाई नयाँ ढङ्गबाट निर्माण र सञ्चालन गर्न फरक टिप्पणी गर्नुभन्दा त्यस क्षेत्रका जिम्मेवार पदाधिकारीले सोच्नु, बोल्नु र कार्यान्वयनमा जान उचित हुने छ ।

पछिल्लो चरणमा विश्वविद्यालयका धेरैजसो पदाधिकारी भ्रष्टाचार आरोपमा मुछिन थालेका छन् । बेथितिका नमुना बन्न थालेका छन् । त्यसपछि विद्यार्थीबाट अपमानित हुने स्थितिमा पुगिरहेका छन् । तर यस्ता क्रियाकलापमा सुधार ल्याउन सकिरहेका छैनौं । यसमा जिम्मेवार, राजनीतिक नेतृत्वको अक्षमता र दूरदर्शिता अभाव त हुँदै हो तर प्राज्ञिक जमात पनि एकपछि अर्को गर्दै सोही भड्खालोबाट जोगिन सकेन । यस कारण पदाधिकारी बन्ने लोभले दल र नेताका पछि लाग्न पुगेका प्राज्ञिक जमातले पनि विश्वविद्यालयको साख र गुणस्तर कायम गर्न देखिएको चुनौतीको जिम्मेवारी लिनै पर्छ ।

**कस्ता हुन आवश्यक छ हाम्रा विश्वविद्यालय ?**

संसारको सबैभन्दा पुरानो विश्व विद्यालयका रूपमा मोरोक्कोको कुरुइन विश्व विद्यालय मानिन्छ । यो सन् ८५९ मा स्थापना भएको थियो । युरोपमा भने इटालीको बोलोग्ना विश्वविद्यालयलाई सबैभन्दा पुरानो मानिन्छ । यति पहिले स्थापना भएका विश्वविद्यालय वर्तमान समयमा पनि किन र कसरी विश्वभर स्थापित शैक्षिक एवं प्राज्ञिक गतिविधिको केन्द्र बनिरहन सफल भए भन्ने बुझ्नु महत्त्वपूर्ण हुन्छरु ।

नेपालमा राणाशासनको अन्त्यपछि वि.सं २०१३ मा कलेज अफ एजुकेसनको स्थापना भयो । त्यसपछि विसं २०१६ मा त्रिभुवन विश्वविद्यालयको स्थापना भयोरु । धेरैपछि २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय बन्यो । यसको एउटै उद्देश्य संस्कृत भाषा, साहित्य एवं दर्शनका माध्यमबाट हिन्दु धर्मको रक्षा गर्ने देखिन्थ्यो ।

विश्वसनीय शैक्षिक एवं प्राज्ञिक कार्यक्रम र निश्चित उद्देश्य भएको विश्वविद्यालय मात्र सफल हुन सक्छ । नेपाली बौद्धिक समाजमा विगत लामो समयदेखि विश्वविद्यालयका सन्दर्भमा नियमित रूपमा छलफल, बहस र अन्तर्क्रियाहरू भइरहेका छन् । धेरैजसो मुद्दाहरू विश्व विद्यालयको नेतृत्व र व्यवस्थापनसँग सम्बन्धित रहे । हुन त विश्वविद्यालय स्थापना गर्ने वेलामा हामीले विश्वविद्यालय किन, कसरी र कसका लागि स्थापना गर्ने भन्ने विषयमा ध्यान पुऱ्याउन सकेनौं तर विश्वविद्यालय गुणस्तरीय बनाउनका लागि निम्न पक्षलाई समेट्न आवश्यक पर्छ-

१. विश्वसनीय शैक्षिक कार्यक्रम र उद्देश्य,
२. भौतिक तथा प्राविधिक पूर्वाधारले सुविधा सम्पन्न,
३. अध्ययन, अनुसन्धान एवं प्रकाशनमा दृढता,
४. अनुसन्धान र शिक्षणमा स्तरीयता,
५. केन्द्रीकृत अनुसन्धान केन्द्र र अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार,
६. शिक्षामा पर्याप्त बजेटको व्यवस्था,
७. विद्यार्थी संख्यामा होइन गुणस्तरमा ध्यान जानुपर्ने र
८. विश्वविद्यालयलाई शैक्षिक हब बनाउने कार्ययोजना जस्ता कुराले सम्पन्न हुनु पर्छ ।

*(साभारः रातोपाटी)*

# जग्गा कारोबार बढ्यो, बढेन राजस्व

काठमाडौं/सरकारले घरजग्गा कारोबार बढाउने भन्दै विभिन्न नीतिगत व्यवस्थामा संशोधन गरे पनि उसैको तथ्यांकले भने कारोबारमा सुधार भएको देखाउँदैन ।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकले चालु आर्थिक वर्ष पुस मसान्तसम्म जग्गा कारोबारमा केही सुधार देखिए पनि कारोबारबाट सरकारलाई प्राप्त हुने राजस्वमा भने खासै सुधार नभएको देखाउँछ ।


चालु आर्थिक वर्षको पहिलो ६ महिनामा कुल २ लाख २८ हजार लिखत पारित भएको विभागको तथ्यांक छ । गत आर्थिक वर्ष २०७९/८० को सोही अवधिमा १ लाख ९० हजार लिखत पारित भएको थियो । यसपालि यसमा केही सुधार देखिएको हो । लिखत पारितमा वृद्धि देखिए पनि जग्गा कारोबारबाट संकलन हुने मालपोत करमा खासै सुधार नभएको तथ्यांकले देखाउँछ ।

गत आर्थिक वर्षको तुलनामा चालु आव पुससम्म जग्गा कारोबारबाट प्राप्त हुने राजस्व करिब साढे ५ करोड रुपैयाँले मात्रै वृद्धि भएको छ । पुस मसान्तसम्म घरजग्गा कारोबारबाट १८ अर्ब २९ करोड ७० लाख रुपैयाँबराबर राजस्व संकलन भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्ष सोही अवधिमा १ लाख ९० हजार मात्रै लिखत पारित हुँदा पनि १८ अर्ब २४ करोड २० लाखबराबर राजस्व प्राप्त भएको विभागको तथ्यांकले देखाउँछ । जग्गा मूल्यांकन बढी भएको भन्दा कम भएको स्थानमा कारोबार वृद्धि हुँदा लिखत पारित संख्या बढे पनि कारोबार राजस्वमा वृद्धि हुन नसकेको घरजग्गा व्यवसायी बताउँछन् ।

विभाग प्रवक्ता वेदप्रसाद अर्याल काठमाडौं उपत्यका, विराटनगर, पोखराजस्ता शहरी क्षेत्रमा मूल्यांकन उच्च भएको जग्गा कारोबार बढी हुँदा राजस्व पनि बढ्ने बताउँछन् ।

'बढी मूल्यांकन भएका जग्गा कारोबार बढी हुँदा पूँजीगत लाभकर र रजिस्ट्रेसन दस्तुर पनि बढी उठ्छ,' उनले भने, 'सहरोन्मुख क्षेत्र, पछि बनेका नगरपालिका र गाउँपालिकातिरका जग्गा कारोबार बढी हुँदा राजस्व कम उठ्छ ।'




गत वर्षको तुलनामा राजस्व दरमा खासै परिमार्जन नभएकाले कम मूल्यांकन भएको क्षेत्रको जग्गा कारोबार बढी हुँदा कारोबार संख्या बढे पनि राजस्व बढ्न नसकेको उनले बताए ।

अंशबण्डा, धितोबन्धक जस्ता कारोबार वृद्धि हुँदा राजस्व कम हुने उनले बताए । घरजग्गा किनबेचमा लाभकर र रजिस्ट्रेसन दस्तुर जति अंशबण्डामा नहुने भएकाले अशंबण्डाले लिखत पारित वृद्धि हुँदा राजस्वमा कम योगदान हुने उनले बताए ।

नेपाल राष्ट्र बैंकले घर जग्गा कारोबार सहज बनाउने भन्दै चालु आवको मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षामार्फत ५० लाखसम्मको आवासीय घर कर्जाको कर्जा आम्दानी अनुपात बढाएको छ ।

आम्दानीको ५० प्रतिशत मासिक किस्ता हुने गरी मात्रै कर्जा लगानी गर्न पाइने व्यवस्थालाई ६० प्रतिशत बनाइएको छ । यस्तै धितो मूल्यांकन आधारमा कर्जा पाउने सीमा (लोन टु भ्यालु रेसियो) पनि उपत्यकाभित्र ३० प्रतिशतम्म झारेकोमा त्यसलाई बढाउँदै लगेर ५० प्रतिशत कायम गरिएको छ ।

यता भूउपयोग नियमावलीले जग्गा कित्ताकाटमा गरेको कडाइ र जग्गा वर्गीकरणलगायत समस्या पनि नियमावली संशोधनमार्फत सरकारले सहजीकरण गरिसकेको छ । त्यही पनि जग्गा कारोबारमा भने सकारात्मक प्रभाव पर्न नसकेको तथ्यांकले देखाउँछ । नेपाल जग्गा तथा आवास विकास महासंघ अध्यक्ष भेषराज लोहनी पनि कम मूल्यांकन भएको जग्गा कारोबार बढी हुँदा लिखत पारितमा वृद्धि भए पनि कारोबार घटेको बताउँछन् ।

'तुलनात्मक हिसाबमा महँगोभन्दा कम मूल्यका जग्गा बढी कारोबार भइरहेको छ भन्ने देखिन्छ । सहकारी पीडितलाई सहकारीका व्यवस्थापकले बचत फिर्ता नगरेर आफ्नो लगानी फसेको कम मूल्यांकनको जग्गाबाट हिसाब मिलान गरिरहेका छन्,' उनले भने, 'मोफसलमा अनौपचारिकरूपमा घर जग्गा कारोबार गर्ने व्यवसायीले बैंकिङ कारोबार नभई साहुबाट ऋण लिएर कारोबार गरेका छन् । अहिले त्यस्तो ऋणीको साँवा, ब्याज र मुनाफा दिन नसक्दा जग्गा दिएर नै हिसाब मिलान भइरहेको छ । जसले लिखत पारित बढे पनि राजस्व वृद्धि भएको छैन।'

यस्ता कारोबार मुख्य सहरभन्दा पनि नगरोन्मुख क्षेत्रमा कारोबार भइरहेको र जसले संख्या बढे पनि वास्तविक घरजग्गा कारोबार गत वर्षको भन्दै खासै बढ्न नसकेको उनले बताए ।

'सरकारले घरजग्गा कारोबार खुकुलो बनाएको र नीतिगत रिफर्म गरेको दाबी गरे पनि त्यसले समस्या सम्बोधन गरेको छैन,' अध्यक्ष लोहनी भन्छन्, '५० लाखसम्मको घर कर्जामा कर्जा आम्दानी अनुपात ५० प्रतिशतलाई ६० बनाइएको छ । त्यो धेरै नै संकुचित भयो । बैंकहरू पनि कर्जा लगानी गर्न तयार भए पनि सोही व्यवस्थाले कर्जा लिन सकिएको छैन ।'

घर नै खरिद गर्नेले त मासिक खर्च नै घट्ने भएकाले उसको अन्य खर्च कम हुने हुँदा कर्जा आम्दानी अनुपात अझै खुकुलो हुनुपर्ने उनको भनाइ छ ।

लोन टु भ्यालु रेसियो र कर्जा आम्दानी अनुपातमा अझै लचिलो नीति चाहिने उनले बताए । भूउपयोग नियमावलीपछिको समस्या भने संशोधित व्यवस्था र जग्गा वर्गीकरणका लागि थप भएको एक वर्ष अवधिले समाधान हुँदै गएको उनले बताए । उनले घरजग्गा कारोबार सुधार नभएको बताए पनि विभाग प्रवक्ता अर्याल भने सुधारका संकेत देखिएको बताउँछन् ।

चालु आर्थिक वर्ष पुसमा कुल ४५ हजार २ सय ७७ लिखत पारित हुँदा ३ अर्ब २० करोड ५२ लाखबराबर राजस्व प्राप्त भएको छ । गत आव सोही अवधिमा ३८ हजार ८ सय ७१ लिखत पारित हुँदा ३ अर्ब ७१ करोड ६० लाख राजस्व प्राप्त भएको थियो ।

पुसमा धेरै लिखत पारित हुनेमा नयाँ सहकारीका रूपमा विकास भइरहेको मालपोत कार्यालय अगाडि देखिन्छ । तर, राजस्व संकलनमा भने लखनखेल, भक्तपुर, काठमाडौं जिल्लाका मालपोत कार्यालय अगाडि देखिन्छन् । यी मालपोत कार्यालयमा लिखत पारित कम हुँदा पनि बढी राजस्व संकलन भएका छन् ।

पुसमा सबैभन्दा धेरै लिखत पारित इनरुवा मालपोत कार्यालयबाट भएको विभागको तथ्यांक छ । उक्त कार्यालयबाट १ हजार ९ सय ३७ लिखत पारित भएको छ ।

यस्तै मालपोत कार्यालय भद्रपुर झापाबाट १ हजार ७ सय ४३ लिखत पारित हुँदा बेलबारी मालपोत कार्यालय मोरङबाट १ हजार ६ सय ५० लिखत पारित भएको छ ।

यस्तै धनुषा जनकपुर धाम मालपोतबाट १ हजार ५ सय २० लिखत पारित हुँदा सप्तरी राजविराज मालपोत कार्यालयबाट १ हजार २ सय ६०, महोत्तरी जलेश्वर मालपोतबाट १ हजार ५७ र सर्लाही मलंगवा मालपोतबाट १ हजार ४५ लिखत पारित भएको छ ।

यस्तै कपिलवस्तु तौलिहवा मालपोतबाट १ हजार २, कैलाली धनगढी मालपोतबाट ९ सय ३७ र सिरहा मालपोतबाट ८ सय ९४ लिखत पारित भएको विभागले जनाएको छ । पुसमा सबैभन्दा धेरै राजस्व संकलन भएको लगनखेल मालपोतबाट मात्रै २५ करोड १५ लाख ६६ हजार राजस्व संकलन भएको छ । त्यसैगरी भक्तपुर मालपोत कार्यालयबाट २० करोड ९९ लाख ३५ हजार र काठमाडौं चाबहिल मालपोतबाट २० करोड ९८ लाख ९९ हजारबराबर राजस्व संकलन भएको छ ।

काठमाडौंकै कलंकी मालपोतबाट १९ करोड ६ लाख ८७ हजार, डिल्लीबजार मालपोत १४ करोड ५९ लाख ५३ हजार, काभ्रेपलाञ्चोक धुलिखेल मालपोत ११ करोड ८९ लाख ६९ हजार र कास्की मालपोतबाट ११ करोड ८१ लाख ३७ हजार राजस्व संकलन हुँदा सबैभन्दा धेरै लिखत पारित भएको इनरुवा मालपोतबाट ११ करोड ६४ लाख ३ हजार राजस्व संकलन भएको छ ।

चितवन मालपोतबाट १० करोड ३२ लाख ९२ हजार र काठमाडौं साँखु मालपोत कार्यालयबाट ८ करोड ३५ लाख ५६ हजार राजस्व संकलन भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# भुवन र प्रदीपको सुध्रिँदो सम्बन्ध




काठमाडौं/अघिल्लो वर्ष फिल्म 'प्रेमगीत ३' प्रदर्शनताका अभिनेता प्रदीप खड्काले चलचित्र विकास बोर्ड अध्यक्ष भुवन केसीप्रति लक्षित गरेर दिएका अभिव्यक्तिले दुवैबीच शीतयुद्धको स्थिति बनेको थियो । त्यसबेला आक्रामक देखिएका प्रदीपले भुवनको योग्यतामाथि प्रश्न उठाउँदै राजीनामा समेत मागेका थिए । त्यसको प्रतिजवाफमा भुवनले पनि विभिन्न मिडियामा प्रदीपलाई 'फ्लप हिरो' भनेका थिए ।

तर, फिल्म क्षेत्रमा दुश्मनी र मित्रता दिगो हुँदैन । भुवन र प्रदीपको हकमा पनि यस्तै देखिन थालेको छ । यतिबेला उनीहरुबीचको सम्बन्ध सुँदो देखिएको छ । केही समयअघि एउटा अवार्ड कार्यक्रममा दुवैले एकअर्कालाई अंकमाल गर्दै संवादहीनता तोडेका थिए । मंगलबार नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को सातौं संस्करणको घोषणा कार्यक्रममा पनि दुवै आमनेसामने भए ।

कार्यक्रममा भुवन र प्रदीप एउटै सोफामा सँगसँगै बसेका थिए । दुवै एकअर्कासँग निकै सहज देखिन्थे । बेला बेलामा उनीहरु केही विषयमा गफिए पनि । प्रदीपले भुवनको हात समातेर हाँसेको दृश्य त झन् कम रोचकलाग्दो थिएन । यसले उनीहरुबीच सम्बन्ध सुएिको प्रष्ट बुझाउँछ । कार्यक्रममा भुवनले प्रदीपलाई 'सुपरस्टार' समेत भन्न भ्याएका थिए । त्यसबेला प्रदीप मुस्कुराएका थिए ।

पहिलो हिन्दी फिल्म 'ऐरी'मा काम गर्ने निश्चित भएपछि सम्बन्ध विग्रिएका नेपाली फिल्मकर्मीहरुसँग प्रदीप नजिक बनिरहेका छन् । उनले हालै एक अन्तर्वार्तामा भनेका थिए, 'हरेक कलाकारको 'डाउनफल' हुन्छ । मैले जे पाइरहेको छु, त्यो 'सर्टटम' हो । त्यसैले दुश्मन सिध्याउने भन्दा पनि दुश्मनी सिध्याउनुपर्छ भन्ने लाग्छ ।' यसले पनि प्रदीप सम्बन्ध सुधारको मनस्थितिमा रहेको बुझाउँछ ।

# निफमा ४० देशका ८८ फिल्म देखाइने




काठमाडौं/नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ)को सातौं संस्करण आगामी चैत १ गतेदेखि ५ गतेसम्म हुने भएको छ । मंगलबार नेपाल पर्यटन बोर्डको हलमा आयोजित एक कार्यक्रमका बीच आयोजक संस्था नेपाल फिल्म एन्ड कल्चरल एकेडेमीले महोत्सवमा प्रदर्शन हुने फिल्महरुको 'लाइनअप' पनि सार्वजनिक गऱ्यो । पाँच दिन चल्ने महोत्सवमा ४० देशका ८८ फिल्म प्रदर्शन गरिने भएको छ ।

महोत्सवका अध्यक्ष केपी पाठकले यो संस्करणमा ६० देशका ५०० बढी प्राप्त भएकोमा छनोट समितिले ४० देशका ८८ वटा फिल्म मात्र छानेको जानकारी गराए । उनले भने, 'निफलाई प्राप्त फिल्मको संख्याले हामीलाई उत्साहित बनाएको छ । फिल्मको संख्याले ५ दिनमा पनि नभ्याउने स्थिति देखिएको छ ।' महोत्सवलाई निरन्तरता दिन आर्थिक रुपमा चुनौती भैरहेको पनि उनको भनाई छ ।

निफमा यसपटक छनोट भएका कयैन् फिल्महरु कान्स, लोकार्नो, बर्लिन आदि प्रतिष्ठित फेस्टिभलमा पनि प्रदर्शन भइसकेका छन् । निफमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुई भागमा विभाजन गरी अवार्ड बाँडिनेछ भने लघु फिल्म र वृत्तचित्र विधामा पनि अवार्ड बाँडिनेछ । महोत्सवमा फिल्म निर्माणका विभिन्न विधासँग सम्बन्धित कार्यशाला, छलफल र अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिनेछ ।

महोत्सवमा प्रदर्शन हुने फिल्महरु काठमाडौंस्थित क्यूएफएक्स चेन अन्तर्गतका सिभिल मल, लबिम मल, भक्तपुर र छायाँ सेन्टरमा देखाइनेछ । मोफसलमा केही संस्करण सम्पन्न गरेको निफले यो सालबाट प्रदेशमा पनि महोत्सवलाई विस्तार गर्ने तयारी गरिरहेको छ । प्रदेशमा हुने फेस्टिभलमा भने महोत्सवमा विजेता बनेकासँगै दर्शकको रुचिमा परेका अन्य फिल्महरु पनि प्रदर्शन गरिनेछ ।

कार्यक्रममा शुभकामना व्यक्त गर्दै अभिनेता तथा निर्देशक नीर शाहले निफलाई आगामी दिनमा पूँजी र बजार तथा पूर्वीय ज्ञानमा केन्द्रित गर्नुपर्ने सुझाव दिएका छन् । उनले राष्ट्रिय फिल्म उद्योग पूँजी र बजारमा केन्द्रित नहुने हो भने अबका थुप्रै वर्ष अहिलेकै अवस्थामा रहिरहनुपर्ने भएकाले निफ जस्ता कार्यक्रमले यस्ता कुरामा विशेष जोड दिन अत्यन्त आवश्यक रहेको औंल्याएका छन् ।

चलचित्र विकास बोर्ड अध्यक्ष तथा अभिनेता भुवन केसीले नीति-नियम नहुनाले बोर्डले अपेक्षित काम गर्न नसकेको धारणा राखेका छन् । 'पञ्चायतकालीन कानुनमा हामी विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्दैनौं । अहिले हामी कानुन निर्माणको चरणमा छौं । यसपछि विश्व बजारमा जाने फिल्मलाई सघाउन सक्छौं,' उनले भने । कार्यक्रममा अभिनेता प्रदीप खड्काको पनि उपस्थिति रहेको थियो ।

# भूकम्प प्रभावितलाई राहत लिएर गएकी चिनियाँमाथि हातपात

काठमाडौं/जाजरकोट र रुकुम पश्चिममा भूकम्प प्रभावितलाई राहत सामग्री लिएर पुगेको चिनियाँ टोली प्रमुखमाथि हातपात भएको पाइएको छ । चिनियाँ संस्था 'चाइना फाउन्डेसन फर रुरल डेभलपमेन्ट' की मुख्य निर्देशक सोउ सिच्याङमाथि मंसिर २० गते जाजरकोटको भेरी नगरपालिकाको रिम्नामा हातपात भएको हो ।

भूकम्प गएको ३ दिनपछि सोउ नेतृत्वको चिनियाँ टोली राहत सामग्री वितरणका लागि जाजरकोट र रुकुम पश्चिम पुगेको थियो । ललितपुरको बखुण्डोलमा कार्यालय रहेको 'चाइना फाउन्डेसन फर रुरल डेभलप्मेन्ट' ले राहत सामग्रीका लागि प्रत्यक्ष सहयोग गरेको थियो भने 'ग्लोबल कोअपरेसन फर डेभलपमेन्ट' नामक संस्थाले वितरणको जिम्मा लिएको थियो । उक्त राहत सामग्री जाजरकोटको भेरी नगरपालिका वडा १ रिम्नास्थित स्टोर बनाएर राखिएको थियो ।

त्यो राहत सामग्री वितरण गर्न चिनियाँ संस्थाकी मुख्य निर्देशक सोउ आफैं पुगेकी थिइन् । जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार राहत वितरण गरेर स्टोर गरिएको स्थानमा सामग्रीको अनुगमनमा गएका बेलामा उनीमाथि हातपात भएको हो ।

'के कति सामान बाँकी रहेको छ ? अझै के कति सामान पठाउने भनी स्टोर गरिएको ठाउँमा सो संस्थाकी निर्देशक सोउ सिच्याङलगायत टोली पुगेको बेलामा हातमुक्का गरी लछारपछार भएको थियो', जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी निरीक्षक माधव विश्वकर्माले भने ।

घटनाबारे उजुरी परेपछि प्रहरीले एक जनालाई पक्राउ समेत गरेको थियो । 'उजुरी परेपछि हामीले अनुसन्धान गरी तीनजनाको खोजी गरेका थियौं । त्यसमध्येका एक जनालाई पक्राउ गरेर जिल्ला प्रशासन कार्यालयमा पेश गरेका थियौं । उनी धरौटीमा छुटेका छन्' उनले भने, 'दुई जना फरार नै छन् ।'

जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी नायब उपरीक्षक सन्तोष रोकाका अनुसार हातपातको घटनामा चिनियाँ टोलीले अमर खत्री, मुकेश रावल र गोरखबहादुर केसीविरुद्ध उजुरी दिएको थियो । उनीहरुमध्ये अमर खत्रीलाई जिल्ला प्रशासन कार्यालयले ५ हजार धरौटीमा छाड्न आदेश दियो भने रावल र केसी अहिलेसम्म फरार रहेको प्रहरीले जनाएको छ ।

घटनामा संलग्नताको आरोप लागेका केसी माओवादी केन्द्रका वैकल्पिक केन्द्रीय सदस्य हुन् । यस्तै खत्री केसीकै निर्माण कम्पनीमा कार्यरत भान्से हुन् भने रावल सोही कम्पनीमा काम गर्ने ड्राइभर हुन् ।

**कसरी भयो घटना ?**

जाजरकोट र रुकुम पश्चिममा भूकम्प गएको दिनदेखि नै दुईवटा छिमेकी मुलुक चीन र भारतले एकपछि अर्को सहयोगको घोषणा गरेका थिए । सोही क्रममा सत्तारुढ दलका नेताहरू पनि छिमेकी मुलुकले दिएको राहत सामग्रीसँगै भूकम्प प्रभावित क्षेत्रमा पुग्ने गरेका थिए ।

भूकम्प गएको पर्सिपल्ट माओवादी केन्द्रका महासचिव देव गुरुङ सोही चिनियाँ टोली र उसले ल्याएको राहत सामग्रीसँगै जाजरकोट र रुकुम पश्चिम पुगेका थिए । चिनियाँ टोलीले राहत सामग्री जाजरकोटस्थित रिम्नामा माओवादी केन्द्रका नेता केसीकै घरमा स्टोर बनाएर राखेको थियो ।

मंसिर २० गते दिउँसो साढे १२ बजेतिर चिनियाँ टोली केही स्थानमा राहत वितरण गरेर स्टोर गरेको ठाउँमा अनुगमनका लागि पुगेको थियो ।

घटना भएको बेलामा माओवादी केन्द्रका नेता केसी भर्खरै मात्रै पुगेका थिए भने उनको निर्माण कम्पनीमा भान्सेको काम गर्ने अमर खत्री र ड्राइभर मुकेश रावल पहिलेदेखि नै त्यहाँ थिए ।

केसी राहत सामग्री वितरणप्रति असन्तुष्ट थिए । स्टोरमा केसीको घर रहेको आठाबीसकोट नगरपालिका र सानीभेरी गाउँपालिका लागि भनेर राहत सामग्री राखिएको थियो । तर आठाबीसकोटको सामग्री सानीभारीको जनप्रतिनिधिलाई भर पाई गरेर वितरणको तयारी भएको थियो । केसीका अनुसार घोषणा गरेजति मात्रामा राहत सामग्री नभएपछि आफूले प्रश्न उठाएको र सोही क्रममा भनाभन भएको थियो ।

'आठबीसकोटका लागि भनेर सानीभेरीका मान्छेलाई भर पाई गराइएको थियो । त्यसरी लिएको सामान हाम्रो पालिका र वडालाई बुझाउन खोजेका थिए । मैले क्वान्टिटी पुऱ्याऊ, त्यसपछि मात्रै बुझिन्छ भनेको थिएँ', केसीले संचारकर्मीसँग भने, 'चिनियाँ पक्षको उग्रताले घटना भयो ।'

केसीले आफूले नभई आफ्नो निर्माण कम्पनीमा काम गर्ने भान्सेले हातपात गरेको बताए । 'हातपात भएको हो । तर मैले गरेको होइन, मेरो निर्माण कम्पनीमा काम गर्ने भान्से भाइबाट हातपात भएको हो', केसीले भने, 'ती महिलाले मलाई झम्टिन खोजेपछि म पछि हटेको हुँ । उनी आक्रामक भएर सुरुमा ममाथि हातपात गर्न खोजेपछि र पछि मलाई भोट नदिनू भनेर भाषण गरेपछि ती भाइले हातपात गरेका हुन् ।'

*(स्रोत: अनलाइनखबर)*

# इन्जिनियरिङ पढाइ हुने भवन नै जीर्ण



ललितपुर/ललितपुरको पुल्चोकमा राणा शासनको समयका प्रधानमन्त्री वीर शम्शेरले आनन्द शम्शेरका लागि निर्माण गरेको ऐतिहासिक राणाकालीन दरबार छ । यही ऐतिहासिक दरबारमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतको इन्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक क्याम्पसको प्रशासन कार्यालय छ ।

वास्तुकला र युरोपेली शैलीमा निर्माण भएको आनन्द निकेतन राणाकालीन ऐतिहासिक दरबारमा वि.सं २०२३ देखि नेपाल इन्जिनियरिङ इन्स्टिच्युट सरेको थियो । दरबार परिसरमा इन्जिनियरिङ अध्ययन संस्थानका पहिलो डिन कुलरत्न तुलाधरको प्रतिमासमेत निर्माण गरिएको छ ।

वि.सं १९९० को भूकम्पले सामान्य क्षति पुऱ्याए पनि वि.सं २०७२ को भूकम्पले इन्जिनियरिङ अध्ययन संस्थानको प्रशासन रहेको आनन्द निकेतन दबारलाई क्षति पुऱ्याएको थियो । भूकम्पले जीर्ण अवस्थामा रहेको ऐतिहासिक दरबारलाई इन्जिनियरिङ अध्ययन संस्थान र पुल्चोक इन्जिनियरिङ क्याम्पस प्रशासनले मर्मत गरेर सञ्चालन गरेको छ ।

ललितपुरमा रहेका ऐतिहासिक राणाकालीन दरबारहरु, हरिहर भवन र नारायण भवन संरक्षणको अभावमा अलपत्र छन् । पुल्चोकको आनन्द भवन भने मर्मतपछि प्रयोगमा आएको छ । भूकम्पपछि पानी चुहिने समस्या रहेको ऐतिहासिक दरबारलाई मर्मत गरेर पानी नचुहिने बनाएको क्याम्पस प्रमुख इन्द्रप्रसाद आचार्यले जानकारी दिए ।

वि.सं २०७२ को भूकम्पपछि भारत सरकारबाट दुई अर्ब १९ करोड रकम इन्जिनियरिङ अध्ययन संस्थानका भवन पुन:निर्माणका लागि दिने सम्झौता भए पनि हालसम्म सहयोग नआएको पुल्चोक क्याम्पसका प्रमुख आचार्यले बताए ।

भारत सरकारबाट आउने दुई अर्ब १९ करोड रकममध्येमा ३५ करोड रुपैयाँ आनन्द निकेतन भवनको पुन:निर्माणका लागि हो । विस्तृत परियोजना प्रस्ताव तयार भए पनि सम्झौता अनुसार अझै काम सुरु भएको छैन । ऐतिहासिक दरबार भूकम्पपछि चारैतिर चर्केको छ । कतिपय झ्याल फुटेका छन् । भवन जीर्ण अवस्थामा रहे पनि विज्ञको सल्लाहअनुसार मर्मत गरेर कार्यालय सञ्चालन गर्न मिल्ने भएपछि कार्यालय यथावत् राखेको उनको भनाइ छ ।

पुल्चोक इन्जिनियरिङ क्याम्पसमा अहिले पनि सयौं विद्यार्थी इन्जिनियरिङ अध्ययन गरिरहका छन् । यही क्याम्पसमा इन्जिनियरिङ पढेर धेरै विद्यार्थी इन्जिनियर बनेका छन् । भूकम्पपछि जीर्ण अवस्थामा रहेको ऐतिहासिक आनन्द निकेतन दरबार पुन:निर्माणको पखाइमा भए पनि निर्माणका लागि भने कुनै निकायले चासो देखाएका छैनन् ।

*(साभार: अनलाइनखबर)*

# 'ड्रिम्स' अफर हुँदा आत्मविश्वास थिएन, अब निरन्तर फिल्म गर्छु : नीति शाह



काठमाडौं/फिल्मी दुनियाँमा नआउँदै राम्रो 'नेम-फ्रेम' बनाएकी मोडल हुन्, नीति शाह । सन् २०१७ मा मिस इन्टरनेशनलको उपाधि जितेपछि उनको सौन्दर्यको चर्चा हुँदा धेरै फिल्मको अफर पुगेको थियो । त्यसमध्ये एक थियो, 'ड्रिम्स' । अभिनेता भुवन केसी स्वयंले उनलाई फिल्म अफर गरेका थिए । तर, त्यसबेला उनले उक्त फिल्म अस्वीकार गरिन् । र, साम्राज्ञी आरएल शाहले डेब्युको मौका पाइन् ।

नीतिले 'ड्रिम्स'पछि पनि धेरै फिल्मको प्रस्ताव नकारेकी थिइन् । जब उनी फिल्म गर्ने निर्णयमा पुगिन् त्यसपछि भने उनलाई डेब्यू गर्नै सकस परेको थियो । उनले 'हुतुतु', 'एक्स ९', 'कामिनो' र 'रावायण' गरी चार फिल्म सम्झौता गरे पनि सबै समस्यामै अल्झिए । अब भने उनी फिल्म 'खजुरे ब्रो'बाट डेब्यु गर्दैछिन् । फिल्मको छायांकन समेत सुरु भैसकेकाले उनलाई ठूलो राहत मिलेको छ ।

सोमबार फिल्मको घोषणामा उनले 'ड्रिम्स'बाट अफर आउँदाको क्षण स्मरण गरिन् । त्यसबेला फिल्म गर्न आत्मविश्वास नभएकाले काम नगरेको उनको भनाई छ । उनी भन्छिन्, 'मलाई भुवन केसी सरले 'ड्रिम्स' अफर गर्नुभएको थियो । त्यसबेला म १२ कक्षामा पढिरहेकी थिएँ । त्यतिबेला फिल्ममा काम गर्न ममा आत्मविश्वास थिएन । नेपाली फिल्मको बारेमा मलाई खासै थाहा पनि थिएन ।'

नीतिले सम्झौता गरेका फिल्म निर्माण भएका हुन्थे भने अनमोल केसी या प्रदीप खड्काबाट उनको डेब्यु हुन्थ्यो । यो उनको चाहना पनि थियो । किनकि, अनमोल र प्रदीपको फिल्मबाट डेब्यु गर्दा करिअर सुखद् रुपमा अगाडि बढ्ने उनको विश्वास थियो । तर, उनको त्यो चाहना पूरा हुन सकेन । 'खजुरे ब्रो'मा भने उनको जोडी अभिनयमा स्थापित हुन संघर्षरत रेअर राईसँग बाँधिएको छ ।

फिल्मको घोषणा कार्यक्रममा पत्रकारले नीतिलाई प्रश्न गरे- 'तपाईंको चाहना त अनमोल र प्रदीपको फिल्मबाट डेब्यु गर्ने थियो नि होइन र ?' उनले फ्याट्टै जवाफ दिइहालिन्, 'चाहना त थियो तर रेअरसँग भाग्य लेखेको रहेछ । एकदमै खुसी छु म ।' उनले अब निरन्तर रुपमा फिल्म गर्ने योजना रहेको बताएकी छन् । स्क्रिप्ट र क्यारेक्टर राम्रो भएको अवस्थामा फिल्म गर्ने उनको भनाई छ ।

निर्देशक सुरज सुनुवारले नीतिको 'नेम-फ्रेम' हेरेर फिल्ममा नलिएको दाबी गरेका छन् । 'एउटा राम्रो क्यारेक्टर गर्नसक्ने कलाकार चाहिएको थियो । संयोगवश उहाँ नै जर्नुभयो,' उनले भने, 'नेम-फ्रेमकै हिसाबले सोचेको भए त स्टार भ्यालु भएकै कलाकार राख्थैँ नि । नीतिजीलाई क्यारेक्टरको हिसाबले लिएका हौं । उहाँको 'फ्यान फलोइङ'लाई पनि कहीं न कहीं मध्यनजर चाहिँ गरेका हौं ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आइडलको हेटौंडा अडिसनमा उत्साहजनक सहभागिता

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ हेटौंडामा नेपाल आइडलको पाँचौ सिजनको अडिसन सुरु भएको छ । मंगलबार हेटौंडा उपमहानगरपलिका-९ स्थित कृष्ण आदर्श इङ्लिस बोर्डिङ स्कुलमा प्रि-अडिसन भएको हो ।




प्रि-अडिसन मकवानपुर सहित छिमेकी जिल्लाबाट गायनमा रुचि भएकाहरुको उत्साहजनक सहभागिता देखिएको थियो । नेपाल आइडलको प्रि-अडिसन चितवनबाट बिहानै हेटौंडा आएकी श्रृजना थापाले आफूले यसअघि पनि विभिन्न सांगीतिक कार्यक्रममा सहभागी हुँदै आएको बताइन् । नेपाल आइडलबाट सांगीतिक क्षेत्रमा भविष्य बन्ने विश्वास भएकाले सहभागी हुन आएको थापाले बताइन् ।

हेटौंडा-९ कर्राबाट अडिसनका लागि आएका सुमन परियारले यसअघि अन्य यस्ता कार्यक्रममा सहभागी जनाएको बताए । उनले भने, 'अन्य कार्यक्रममा सहभागिता जनाउँदा सबैबाट राम्रो फिडब्याक आएको थियो । गीत संगीतमा सानैदेखि रुचि भएकाले नेपाल आइडलमा आएको हुँ ।', यस्तै अर्का सहभागी रविन सुवेदीले गीतसंगीतमा रुची भएका र गीतसंगीतमा वर्षौंदेखि साधना गर्दै आएकाहरुका लागि उत्कृष्ट प्लेटफर्म भएकाले आफू पनि सहभागी हुन आएको बताए । हेटौंडा-८ का सक्षम लामा पहिले घरमा गाउँदै आइरहेको भएपनि अडिसनमा सहभागी हुन आएका थिए ।

'नेपाल आइडल हेटौंडामा भएको थाहा पाएँ । यो राम्रो अवसर हुनसक्छ भन्ने सोचेर सहभागी हुन आएको हुँ ।', लामाले भने । गत पुस २१ गतेदेखि झापाबाट सुरु भएको सिजन ५ को अडिसनको भोलि दोस्रो चरणको अडिसन हुने सिजन ५ का निर्देशक सुरेश पौडेलले बताए । हेटौंडापछि आइडलको अडिसन माघ ८ मा कैलालीको अत्तरिया, माघ १३ मा सुर्खेतको वीरेन्द्रनगर, माघ १८ मा दाङको घोराही, माघ २३ मा कास्कीको पोखरा र अन्त्यमा काठमाडौंमा हुने उनले बताए । नेपाल आइडल सिजन ५ मा न्ह्यू बज्राचार्य, इन्दिरा जोसी र कालीप्रसाद बास्कोटा निर्णायकको भूमिकामा रहेका छन् ।

# बाइरोड निर्माणको ७० वर्ष: जेठो सडकको बलियो सहारा




साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ राजधानी काठमाडौंलाई मोफसल जोड्ने पहिलो राजमार्ग त्रिभूवन राजपथ निर्माण भएको ७० वर्ष पूरा भएको छ । पप्राय: वर्षायाममा काठमाडौंलाई जोड्ने सबै मार्ग अबरुद्ध हुँदा पनि त्रिभुवन राजपथ भने खासै अवरुद्ध नहुने गरेको छ ।

वि.सं २०१० साल मंसिर २६ गते शुक्रबारका दिन तत्कालीन बडामहारानी कान्तिराज्यलक्ष्मीदेवीले थानकोटस्थित हालको चेकपोष्ट चोकमा देशकै पहिलो राजमार्गको lznfGof; u/\$Llyg\ t/ /fhdfu{ lgdf{0f sfo{] @!# ; fnb]v t Lalt f kfFsf] lyof] . @!^ ; fndf kU{f ?kdf ; Ifngdf cfFsf]df/fhky gkfnsf]; ajfGf h/f] /fhdfu{ dflg\5 . hfkfg ; /sf/n]albf; –agkf–sf7df8f}+ ; 8s v08 lgdf{0f u/]k5 gkfnsf] kaL I fbaf6 ; Ifng xg] ; fgf ; j f/L; fwgnf0; xh eFsf] x\]. /fhf lqe'jgn] u2L cf/f\0f u/]sf] \$@ if{ kU]sf] cj ; /df gkfn–ef/t ;8s ; Dks{f nfIu df]/fhdfu{lgdf{0f ul/Fsf] yfgsf6 r]skf]6df /flvPsf] lznfn]vdf pNn]v

गरिएको छ । भारत सरकारको आर्थिक, प्राविधिक सहयोगमा निर्मित ७२ माइल लम्बाइको यो सडक काठमाडौंको थानकोटबाट मकवानपुरको भैंसे दोभानसम्म भारतीय वायुसेनाका चिफ इञ्जिनियर लेफि्टनेण्ट कर्नेल एनबी ग्रान्टको प्रत्यक्ष निगरानीमा निर्माण सम्पन्न भएको थियो ।

यो राजमार्ग निर्माण सम्पन्न भएपश्चात थानकोट नागढुंगामा राजमार्ग निर्माणका क्रममा दिवंगत भएका श्रमिकहरुको सम्मानमा स्मारक निर्माण गरिएको थियो जुन सडक विस्तारका क्रममा हाल ध्वस्त भइसकेको छ । स्थानीयका अनुसार त्रिभूवन राजपथको निर्माणका क्रममा थानकोटका एक युवाको पनि निधन भएको थियो । यो राजमार्ग निर्माणका क्रममा कम्तीमा ९ जना श्रमिकले ज्यान गुमाएको बताइन्छ ।

पृथ्वी राजमार्गको निर्माण हुनुपूर्व काठमाडौंबाट तराई जोड्ने एकमात्र सडक मार्ग हाल सुनसान प्राय: छ । तथापी यसलाई तराई जोड्ने बलियो वैकल्पिक मार्गका रुपमा लिने गरिन्छ । साँघुरो एवम् घुम्तीहरु धेरै भएका कारण नेपालको पहिलो राजमार्ग त्यति सुरक्षित मानिँदैन ।

# हेटौंडास्थित स्वास्थ्य मन्त्रालयमा बीमआई मेसिन सञ्चालन

साझाकुरा संवाददाता

हेटौंडा, २ माघ/ हेटौंडास्थित बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले स्वचालित उच्चरक्तचापमापन मेसिन सञ्चालनमा ल्याएको छ । मंगलबार बाट उच्चरक्तचापमापन मेसिन (अटोमेटिक डिजिटल बीमआई मेसिन) सञ्चालनमा ल्याइएको हो ।

आमनागरिकमा सचेतना जगाउने उद्देश्यअनुरुप विश्व स्वास्थ्य संगठनको सहयोगमा अटोमेटिक डिजिटल ब्लडप्रेसर मापन मेसिन सञ्चालन गरिएको मन्त्रालयले जानकारी दिएको छ । नेपालमा करिब ४७ लाख मानिसमा उच्चरक्तचापको समस्या रहेको अनुमान गरिएको छ । जसमध्ये १० लाख मानिसले मात्र नियमितरुपमा उच्चरक्तचाप चेकजाँच गर्ने र अवस्थाको बारेमा जानकारी लिने गरेको मन्त्रालयले जनाएको छ ।



चेकजाँच गर्ने १० लाख मानिसमध्ये ४ लाख मानिसले उच्चरक्तचापको औषधि सेवन गर्ने गरेको मन्त्रालयको तथ्यांक रहेको छ । तथ्यांकका आधारमा उच्चरक्तचाप सम्बन्धी समस्या निकै जटिल चुनौतीको रुपमा देखापरेको स्वास्थ्य मन्त्री उत्तम जोशीले बताए । उच्च रक्तचापसम्बन्धी समस्या समाधानका लागि मन्त्रालयले स्वास्थ्य शिक्षा तथा परामर्शबाट अस्वस्थ्यकर बानी व्यवहार जस्तै: सुर्तीजन्यपदार्थको प्रयोग, मद्यपान, निष्क्रिय जीवनशैली, अस्वस्थ्यकर खानपान आदि परिवर्तन गरी स्वस्थ्यकर जीवनशैली अपनाउन जनचेतना जगाउने सर्वसुलभ र सफल योजना रहेको उनको भनाई छ ।

मध्यम आय तथा विकशित राष्ट्रहरुमा उच्चरक्तचापका कारण हुने जटिलताहरु मानवीय क्षतिको मुख्य कारण बनिरहेको उनले बताए । उच्चरक्तचापका कारण मस्तिस्कघात, हृदयघात, मुटु तथा रक्तनलीसम्बन्धी रोग, दीर्घ मिर्गौला रोगका कारण मानिसको मृत्यु भइरहेको भन्दै उनले यो रोगको व्यवस्थापनमा राज्यले ठुलो धनराशि खर्च गर्नुपरेको बताए । मन्त्रालयका सूचना अधिकारी डा.र विन भुषालका अनुसार सरकारले नसर्ने रोगबाट हुने मृत्युदर सन् २०२५ सम्ममा २५ प्रतिशतले घटाउने लक्ष्यअनुसार काम गरिरहेको र यो लक्ष्य प्राप्तिका लागि विभिन्न कार्ययोजना, रणनीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ ।


## हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

हेटौंडा, मकवानपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*सूचना प्रकाशित मिति : २०८०/१०/०३*

यस बोर्डबाट बोर्डको सेवा क्षेत्र भित्र विभिन्न स्थानहरुमा पाइप लाइन सुधार विस्तार कार्य गर्नको लागी देहाय बमोजिमको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गर्ने आशयको लागी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय**,

| सूचना नं. | कामको विवरण | प्रस्तावदाताको नाम र ठेगाना | प्रस्ताव अंक |
| --- | --- | --- | --- |
| HWSMB २-२०८०/०८१ | विभिन्न स्थानहरुमा पाइप लाइन सुरधार विस्तार कार्य (हेटौंडा वडा नं. २, ४, ५, ६, ७, ८, ९, १४, १५ ,१६, १८) | श्री टफ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि., चन्द्रागिरी-१, काठमाण्डौं | रु.४९,९२,५९१।४३ (मु.अ.कर समेत) |


# सहसचिवको सरुवामा फेरि अलमल

काठमाडौं, २ माघ/ सरकारलाई फेरि सहसचिव सरुवाको निर्णय लिन सकस परेको छ । पुसको तेस्रो सातामै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा निर्णयका लागि पुगेको सरुवाका लागि प्रस्तावित सहसचिवको सूचीबारे अहिलेसम्म मन्त्रिपरिषद बैठकले निर्णय गर्न सकेको छैन ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २७ जना सहसचिवको सरुवा गर्न गरी सूची बनाएर पठाएको थियो । मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई मन्त्रालयमै डाकेर मन्त्री अनिता देवीले सूचीलाई अन्तिम रुप दिएकी थिइन् ।

तर, राजनीतिक खिचातानी र कर्मचारीहरुको आ-आफ्नो स्वार्थ अनुकुलको वकालतका कारण निर्णय हुन ढिलाइ भएको हो । यसअघि गत कात्तिकको सुरुवातमा सरुवाका लागि मन्त्रिपरिषदमा पुगेको सहसचिवहरुको सूची टुंगो लगाएर सरुवा गर्न एक महिना समय लागेको थियो । ५८ सहमसचिवको सरुवा गर्न प्स्ताव गरिएपनि मन्त्रिपरिषदमा पुगेपछि सरुवा हुनेको संख्या ७१ पुर्‍याएर निर्णय गरिएको थियो ।

गत भदौमा पनि ५८ सहसचिवको सरुवा गर्दा यस्तै ढिलाइ र अलमल भएको थियो ।

मन्त्री, सचिवहरुले आफू अनुकुलका सहसचिवहरु खोज्ने र सहसचिवहरुले आफूलाई लाभ हुने गरी पद र कार्यालयहरु खोज्ने गर्दा सरुवा नै अनिश्चित बनेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

पछिल्लो समयमा संघीय मामिला मन्त्रालयले कर्मचारीहरुको सरुवाको प्रस्तावित सूचीमा आफ्नो अडान नछाड्ने गर्दा प्रधानमन्त्री कार्यालयमा सूची अल्झिएर बस्ने गरेको छ । कर्मचारीहरुले राजनीतिक तथा उच्च प्रशासनिक पहुँचको प्रयोग गरेर आफूअनुकलको निर्णय गराउन खोज्दा पनि नस्या भएको अधिकारीहरु बताउँछन् ।

'यसपटक संघबाट प्रदेशमा जानेहरुको सूची धेरै छ, सूचीमा रहेका पहुँचवाला सहसचिवहरु आफू प्रदेशमा नजाने प्रयत्न गर्दा समस्या भएको बुझिन्छ,' संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालयका एक अधिकारीले भने, 'केही दिनमा बढुवा भएर नयाँ सहसचिवहरु नियुक्त हुँदैछन्, त्यसपछि मात्रै सरुवा गर्न खोजिएको बुझिन्छ ।' नयाँ सहसचिवहरु बढुवा भएपछि उनीहरुलाई प्रदशेमा पठाउने र अहिले प्रस्तावितहरुलाई संघतिरै अल्झाउने आशंका अधिकारीहरुलाई छ ।

यो पटक पनि एउटै कार्यालयमा लामो कार्यकाल बिताएका कर्मचारीहरुको अन्तरमन्त्रालय र अन्तरनिकायगत सरुवा गर्ने तयारी भएको दाबी संघीय मामिला मन्त्रालयको दाबी छ । प्रदेशमा लामो समय काम गरिसकेकालाई संघमा ल्याउने र संघमा धेरै बिताएकालाई प्रदेशमा खटाउने गरी सूची बनेको छ ।

तर, मन्त्रिपरिषदले सहसचिव सरुवाको निर्णय गर्नुअघि नै विभिन्न मन्त्रीहरुले अनुकुलका सहसचिवहरु माग्ने पुरानै सिलसिला यसपटक पनि दोहारिएको छ । विभिन्न मन्त्रालय र निकायहरुमा पठाउन प्रस्ताव गरिएका सहसचिवबारे मन्त्री तथा संवैधानिक निकायका पदाधिकारीहरुको चासोले कर्मचारी सरुवा नै जटिल बन्ने गरेको छ ।

मन्त्रीहरुले आफ्ना मन्त्रालयमा कार्यरत कतिपय सहसचिवको सरुवा रोक्न, कतिपयलाई आफ्नो मन्त्रालयमा नपठाउन र आफूले नरुचाएकालाई सरुवा गरिदिन दबाब दिने गरेका छन् ।

सहसचिव सरुवाको प्रस्तावमाथि मन्त्रिपरिषदले निर्णय गरेपछि पनि सरुवाको अन्तिम सूची प्रमाणीकरण गर्नुअघि मुख्यसचिवले मन्त्रीहरुसँग राय सुझाव लिने गर्दा समेत सरुवा प्रक्रिया टुग्याउन सकस पर्ने गरेको हो ।

पछिल्लो समयमा प्रदेशका मुख्यमन्त्री, संघीय मन्त्री तथा प्रदेशमन्त्रीहरुको फरक मतले पनि समस्या पार्ने गरेको छ । अहिले को-को सहसचिव कुन मन्त्रालय र निकायमा सरुवा हुँदैछन् भन्ने खुलेको छैन । तर, सहसचिवको सरुवामा सरकारभित्र एक मत बन्न सकेको छैन । पूर्वमुख्यसचिव बिमल कोइराला सहसचिव सरुवामा समेत राजनीतिक तहको अस्वभाविक रुची र हस्तक्षेपलाई नौलो मान्छन् । विगतमा सचिव सरुवामा मन्त्रीहरुको बढी रुचि हुने गरेपनि सहसचिवको सरुवामै सकस पर्ने गरेको सम्झना उनलाई छैन । पछिल्लो दशकमा सहसचिवको सरुवामा समेत विकृति बढेको उनको बुझाइ छ ।

*(स्रोत: अनलाइनखबर)*

# ग्यास सिलिण्डर पड्किँदा एकजनाको मृत्यु

चितवन, २ माघ/ पश्चिम चितवनको फूलबारीमा खाना पकाउने ग्यास सिलिण्डरबाट ग्यास चुहावट भइ पड्किँदा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१५ डेरीचोकका ५० वर्षीय मनिष थापा रहेको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ ।

कार्यालयका प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीका अनुसार आफ्नै कोठामा खाना बनाउने क्रममा ग्यास चुहावट भएर सिलिण्डर पड्किँदा थापाको सोमबार मृत्यु भएको प्रारम्भिक अनुमान गरि एको छ ।

स्थानीय अविनाश फटिलाइजर कम्पनीको हातभित्र आगलागी भएको हो । घटनाको थप अध्ययन भइरहेको उनले बताए ।


## धन्यवाद ज्ञापन !

डा.रुइतको नेतत्वमा संचालित हेटौंडा सामुदायिक आँखा अस्पताल संचालक समितिका अध्यक्ष श्री सिद्धिलाल श्रेष्ठ ज्यू, डा थकाली र मेरो आँखाको मोतियाविन्दुको शल्यक्रिया गर्न संलग्न नर्सहरु तथा कर्मचारीहरुमा मिति २०७९।०४।०६ र २०७९।१२।२० मा दुई पटक दुवै आँखाको मोतियाविन्दुको सफल शल्यक्रिया भएकोमा भगवानप्रति नतमस्तक हुँदै आँखा अस्पतालका सबै परिवारहरुप्रति धन्यवाद दिन चाहन्छु र आँखाको शल्यक्रिया गर्न आउनुहुने सबैमा सफलताको कामना गर्दै देवादी देव शिव भगवानसँग प्रार्थना गर्दछु ।

फ्याफुल्ला: ल्हास्सो !

**डा गणेश बहादुर बल लामा**
हेटौंडा-४

## भूकम्पको जोखिमबाट सुरक्षित बनौ

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढी जनधनको क्षति हुने गर्दछ ।
- घर तथा अन्य संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी तथा बलियो बनाऔ ।
- प्राविधिकको सल्लाह लिएर मात्र सुरक्षित घर बनाऔं र पुरानो भए मर्मत सम्भार गरौं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्वतयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावी दौडने र भाग्ने नगरौं ।
- धैर्यतापूर्वक घर/भवन बाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठ्यारो परेकालाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हेटौंडामै उत्पादित

# सुदिन ड्राइमिट






**Ready To Eat**

## हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना